# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

प.सं.: २०८०/०८१ (प्रशासन शाखा) बागमती प्रदेश, नेपाल।

च.नं. २२३१

मिति : २०८०/१२/०४

ने.स. ११४४, चिल्लाथ्व, ८ आइवार

बिषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री मनहरी गाउँपालिका
शाखा/उपशाखा प्रमुख ज्युहरु
वडा कार्यालय/वडा सचिवज्युहरु

प्रस्तुत विषयमा २०८० साल फाल्गुण ३० गते बुधवार बसेको आ.व. ०८०।०८१ को तेन्हौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना ९ (नौ) यसैसाथ संलग्न छ। सो निर्णयानुसार तहाँसँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

.......................

(रमेश सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका

२०८०/११/२०

गाउँ कार्यपालिकाको बैठक

मिति: ~~२०८०/११/१४~~ बैठक संख्या :- २०८०/०८१-१३ समय :- विहान ८ बजे ।

अध्यक्षता गाउँपालिका अध्यक्ष श्री रञ्जन कालाखेती

स्थान मनहरी गाउँपालिका वडा नं. २ को कार्यालय भुन्द्रुङटाँडी मकवानपुर

**उपस्थिति**

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रञ्जन कालाखेती | अध्यक्ष | [signature] |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | [signature] |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. अध्यक्ष | [signature] |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. अध्यक्ष | [signature] |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. अध्यक्ष | [signature] |
| ६ | श्री प्रकाश थापा | ४ नं. अध्यक्ष | [signature] |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. अध्यक्ष | [signature] |
| ८ | श्री युवराज थपलिया | ६ नं. अध्यक्ष | [signature] |
| ९ | श्री ठाकुरराम तितुङ | ७ नं. अध्यक्ष | [signature] |
| १० | श्री नारायण उप्रेती | ८ नं. अध्यक्ष | |
| ११ | श्री राजकुमार श्रेष्ठ | ९ नं. अध्यक्ष | [signature] |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री सेतीमाया तामाङ | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री राममाया नगरकोटी | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री मीरा खत्री | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री कान्छीमाया बोट | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री चतुरकुमार सुनार | कार्यपालिका सदस्य | चतुर |
| १८ | श्री रमेश सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

**आमन्त्रित बैठक/सहयोगी**

श्री राजेन्द्र भट्टराइ बरिष्ठ लेखा अधिकृत

श्री अञ्जना सुवेदी – प्रशासन शाखा प्रमुख [signature]

श्री [illegible] – अधिकृत छैठौं – [signature]

मिति २०८०/११/३० गते बसेको तेहौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

**प्रस्तावहरु :-**

१. समीक्षा सम्बन्धमा ।

२. आयोजना फरफारक सिफारिश सम्बन्धमा ।

३. जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमवाट भएको सम्झौता अनुमोदन सम्बन्धमा ।

४. कानून स्वीकृत सम्बन्धमा ।

५. स्थायी नियुक्ति सम्बन्धमा ।

६. अतिक्रमित घरटहरा भत्काउने सम्बन्धमा ।

७. TOR स्वीकृत सम्बन्धमा ।

८. बहुबर्षीय ठेक्का स्वीकृत तथा श्रोत सुनिश्चित सम्बन्धमा ।

९. बैंक जमानत म्याद थप तथा बैंक ग्यारेन्टी रकम सम्बन्धमा ।

१०.ठेक्काको म्याद थप सम्बन्धमा ।

११.मनहरी खोलाको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

१२.गाउँपालिका लोगो निर्माण र पुरस्कार सम्बन्धमा ।

१३.निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धमा ।

१४. गरिबसंग विश्वेश्वर शैक्षिक सहायता कार्यक्रम सम्बन्धमा ।

१५. आर्थिक सहायता सम्बन्धमा ।

१६. योजना माग सम्बन्धमा ।

१७. शिर्षक परिवर्तन सम्बन्धमा ।

१८. स्रोत शिक्षक सम्बन्धमा ।

१९. आधारभुत तह कक्षा -८ परीक्षा समिति संशोधन सम्बन्धमा ।

२०. ६०/४० योजना सम्बन्धमा ।

२१. निर्णय त्रृटी सुधार सम्बन्धमा ।

२२. खानेपानी पाईप/ट्युवेल धारा माग सम्बन्धमा ।

२३. शैक्षिक सामाग्री वितरण गर्ने सम्बन्धमा ।

२४. सिम्पानी खानेपानी पाईप उपलब्ध गराउने बारे ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हँटिया, मकवानपुर बागमती प्रदेश, नेपाल
रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत
गाउँ कार्यपालिकाको तेहौं बैठक

मिति २०८०/११/३० गते बसेको तेह्रौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँकार्यपालिकाबाट भएका अधिकाशं निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धी समिक्षा गरीयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस चालु आ.ब. ०८०/०८१ मा बिनियोजित सार्बजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वयनको अबस्थाको स्थलगत रुपमा अनुगमन गरि योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन प्रतिबेदनको आधारमा अनुगमन तथा सुपेरीबेक्षण समितिको बिभिन्न मितिमा सम्पन्न बैठकबाट कार्यालयलाई भुक्तानीको लागी सिफारिस गरिएको अनुसूचि १ बमोजिमका योजनाहरुको भुक्तानी सम्बन्धि कार्य सदर सहित फरफारक गरि अनुमोदन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.ब.०८०/०८१ कोलागी पूंजिगत तर्फ बिनियोजित जनतासंग अध्यक्ष र जनतासंग उपाध्यक्ष कार्यक्रम कार्यान्वयनको लागी स्वीकृत भएको कार्यक्रम सञ्चालन कार्यबिधि २०७९ अनुसार मिति २०८०-०९-२० देखि २०८०-११-३० सम्म अनुसूची २ बमोजिमका योजनाहरु सम्झौता भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको व्यवसाय दर्ता नविकरण सम्बन्धि कार्यविधि, २०८०, मनहरी गाउँपालिकाको बहुबर्षिय ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०८० र मनहरी गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यबिधि,२०८० स्वीकृत गरी राजपत्र प्रकाशनको लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय तहको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा १७ बमोजिम प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको प सं. ०८०/०८१, च.नं. १५४, मिति २०८०/१०/२४ को उम्मेदवार सिफारिस सम्बन्धि पत्रानुसार आयोगको विज्ञापन नं. ५६०/०७९-८० (महिला) स्थानीय सेवा तर्फ अधिकृतस्तर सातौं तह ( प्राविधिक), ईन्जिनियरिङ सेवा, सिभिल समूह, ईन्जिनियरिङ पदमा सिफारिस भई आउनुभएको ईन्जिनियर श्री सृष्टि न्यौपानेलाई मिति २०८०/१०/२९ गते देखी जेष्ठता कायम हुने गरी ६ महिना परीक्षण काल रहने गरी स्थायी नियुक्ति दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनहरी गा.पा.का विभिन्न स्थानहरुमा रहेको ऐलानी जग्गा अतिक्ररमित गरेको र राजमार्गको दाँयाँबाया २५-२५ मिटर भित्र अतिक्रमित गरी घर टहरा निर्माण गरिरहेको हकमा उक्त अतिक्रमित भवनलाई भत्काइ खाली गराउन ३५ दिने सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. मनहरी गाउँपालिका वडा नं. ६ स्थित लोथर खोलावाट नदीजन्य पदार्थ उत्खनन् संकलन गर्ने गरी तयार गरिने प्रारंभिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) को लागि प्रस्तावकवाट प्राप्त कार्यसुचि (TOR) मनहरी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारंभिक वातावरणीय परिक्षण कार्यविधि,२०७७ को दफा ४ को उपदफा ४ बमोजिम स्वीकृत गरी अध्ययन प्रतिवेदन तयारीका लागि आवश्यक प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. ४ को वडा कार्यालय भवन आयोजनालाई बहुबर्षिय आयोजनाको रुपमा स्वीकृत गरियो र स्रोत सुनिश्चित तथा लगानी अनुमान तपसिल अनुसार हुने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | आ.व. ०८०/०८१को लागि छुट्याईएको रकम | आ.व. ०८१/८२को लागि छुट्याईएको रकम | जम्मा |
|---|---|---|---|---|
| १ | वडा नं. ४ वडा कार्यालय भवन | १,००,००,०००/- | १,७१,००,०००/- | २,७१,००,०००/- |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा हाडीखोला पुल निर्माण आयोजनाको ठेक्का लिएको भैरव नारायण ग्यानेश जे.भी. APG को म्याद सकिएकोले म्याद थप गर्न लगाई PB (performance bond) बैंक ग्यारेण्टी वापतको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा हुनेगरी बैकबाट माग गर्ने र निर्माण व्यवसायिले दिएको निवेदन अनुसार पुनः PB(बैंक ग्यारेण्टी) लिने र उक्त PB प्राप्त भएपछि म्याद थप गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा निर्माण कार्यका ठेक्काहरु निर्माण सामाग्रीको उपलब्धतामा कठिनाई, प्रतिकुल मौसम विविध कारणले समय सिमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको कुनै जरिवाना नगराई तपसिल बमोजिम म्याद थप गरी तिव्र कार्य समाप्तीका निम्ती निर्देशन दिने निर्णय गरीयो ।

तपसिल :

मिति २०८०/११/३० गते बसेको तेह्रौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

| सि नं | योजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | प्रथम पटक म्याद थप | दोस्रो पटक म्याद थप | निर्माण व्यवसायी | प्रगति % | म्याद रहेको अन्तिम मिति | समयावधी माग हुन आएको | थप गरिएको समयावधी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मसिने खोला | ६,५९,५०,०६३.५१ | २०७७।०९।२७ | २०८०।०३।३० | २०८०।०९।३० | हिराचन बानिया जे भी | ८६ % | २०८०।०९।२९ | २०८१।०५।३० | २०८१।०३।१५ |
| २ | त्वंग्रा खोला पूल | ६,४९,६०,८३९.७२ | २०७७।०९।२७ | २०८०।०३।३० | २०८०।०९।३० | हिराचन बानिया जे भी | ९६ % | २०८०।०९।२९ | २०८१।०५।३० | २०८१।०३।१५ |
| ३ | च्यापलखोला पूल | ६,२८,९८,१५८.६२ | २०७७।०९।२७ | २०८०।०३।३० | २०८०।०९।३० | हिराचन बानिया जे भी | ६९ % | २०८०।०९।२९ | २०८१।०५।३० | २०८१।०३।१५ |
| ४ | ठाडो खोला पूल | ८,६७,०५,२२८.५२ | २०७७।०९।२७ | २०८०।१२।३० | | हिराचन बानिया जे भी | ७५% | २०८०।१२।३० | २०८१।०६।३० | २०८१।०३।१५ |
| ५ | हाँडी खोला पूल | ५,३५,५१,५२५.६८ | २०७७।०८।०७ | २०८०।१२।३० | २०८०।०९।३० | भैरब नारायण म ग्यानेश जे भी | ५०% | २०८०।०९।२९ | २०८१।१२।३० | २०८१।०३।१५ |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८०/११/२४ गते बसेको स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भई आए अनुसार मनहरी खोलाको महेन्द्र राजमार्ग पुलभन्दा माथि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार चालु आ.व. मा उत्खनन् संकलन गर्न सकिने नदिजन्य पदार्थ १,४३,३५३.६८ घन मिटर उत्खनन् गर्ने तथा बाँकी अबधिका लागि मनहरी क्षेत्रबाट विक्री हुने नदिजन्य पदार्थको दोस्रो पटक बोलपत्र प्रकाशन गरी ठेक्का बन्दोबस्त गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आकर्षक परिवेश झल्किने गरी सबैतिर समेटेको लोगो निर्माणका लागि पुरस्कार सहित सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

मिति २०८०/११/३० गते बसेको तेह्रौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्रका लागि यस कार्यालयमा पेश भएकोमा प्राविधिक समितिवाट दर्ता गर्न सिफारिश भई आएका तपसिल वमोजिमका निर्माण व्यवसायीलाइ इजाजत पत्र दिने निर्णय गरियो ।

तपसिल

क. रेरु कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि मनहरी ९ मकवानपुर ।

ख. त्रिशुलधारी कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि मनहरी ३ मकवानपुर ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भई गरिविको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई आफ्नो अध्ययन पुरा गराउन सहयोग गर्न सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएकाले विभिन्न शैक्षिक संस्थामा अध्यनरत छात्रछात्राहरुलाई अनुसूचि -३ बमोजिमको रकम विपन्न बालबालिकासंग गरिबसंग विशेश्वर शैक्षिक सहायता कोषबाट शैक्षिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँपालिकासंग तपसिल बमोजिमका विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा अनुसूची -४ बमोजिम तोकिएको शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/योजना कार्यान्वय गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को लागि मनहरी गाउँपालिकाको आर्थिक, सामाजिक साँस्कृतिक, भौतिक क्षेत्रको रुपान्तरणको लागि ठूला योजना/ तथा आयोजना विकासको लागि गाउँपालिकाको बजेट अप्रप्तप्त हुने भएकाले संघीय/प्रदेश सरकार अन्तर्गतका तत् तत् सम्बन्धित निकायमा अनूसूची - ५ बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/८१ को स्वीकृत विभिन्न शाखागत कार्यक्रम तथा वडागत योजनाहरु विविध कारणले कार्यान्वयन तथा संचालन गर्न कठिनाई रहेको व्यहोरा सहित सम्बन्धित वडा कार्यालयहरुको सिफारिस प्राप्त हुन आएको हुदाँ अनुसूचि -६ बमोजिमका योजनाको रकमान्तर शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं ३ महेन्द्रज्योति माध्यामिक विद्यालयका माध्यामिक तह राहत दरवन्दिका शिक्षक विदुर थापाले गाउँपालिकाको च.नं. २६१ मिति २०८०/०५/०१ को पत्रानुसार गाउँपालिकामा कामकाज गर्दै आउनुभएको तथा गाउँपालिकामा हाल स्रोत शिक्षक नभएको र विद्यालय अनुगमन सुपरीवेक्षण गर्न जनशक्ति आवश्यक रहेकोले निज शिक्षकलाई गाउँपालिका स्रोत शिक्षकको रुपमा काजमा राख्न तथा निज शिक्षकको दरवन्दि वमोजिम प्रदान गर्दै आएको तलव भत्ता स्रोत शिक्षक व्यवस्थापन अनुदानवाट विद्यालयको खातामा विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न अनुदान समेत पठाउन गाउँ शिक्षा समितिको मिति २०८०/११/१६ को वैठकवाट सिफारिस भई आएकोले निज शिक्षकलाई गाउँपालिकामा स्रोत शिक्षकको रुपमा काजमा राख्ने र निजले खाईपाई आएको दरवन्दी वमोजिमको रकम महेन्द्रज्योति मा. वि. लाई स्रोत शिक्षक व्यवस्थापन अनुदानको रुपमा पठाउने निर्णय गरियो ।

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा आधारभुत तह उत्तिर्ण परीक्षा समिति तपसिल वमोजिम हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

तपसिल :

१अध्यक्ष- प्रमुख प्रशासकिय अधिकृत

२. शिक्षकहरुमध्येवाट एक महिला सहित ३

- गोविन्द प्रसाद पौडेल
- शरद अधिकारी
- सुजिता वस्नेत

३.संस्थागत विद्यालयवाट एक जना

- विष्णुहरी सुवेदी

४.स्रोत शिक्षक

५.सदस्य सचिव - शिक्षा शाखा प्रमुख

२०. प्रस्ताव नं. २० माथि छलफल गर्दा प्रतिवडा स्वीकृत बजेट सिमा भित्र रहि वडा कार्यालयको सिफारिस बमोजिम तपसिल बमोजिमको लागत सहभागितामा संचालन गर्ने (उपभोक्ताको ४०% र गाउँपालिकाको ६०%) आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | योजनाको नाम | कार्यालयको लागत ६०% | उपभोक्ता लागत ४०% | जम्मा योजना लागत | कैफियत |
|---|---|---|---|---|---|---|

मिति २०८०/११/३० गते बसेको तेह्रौं गाउँकार्यपालिका बैठकको निर्णयहरु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ७ | मनहरी बचत तथा ऋण सहकारी संस्था हल व्यवस्थापन तथा मर्मत | ५,००,०००/- | ३,३३,३३३.३३/- | ८,३३,३३३.३३/- | |
| जम्मा ( | | | ५,००,०००/- | | | |

२१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा गाउँकार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरु तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो

क) मिति २०८०/१०/१९ गते बसेको बाह्रौं गाउँकार्यपालिकाको निर्णय बुदाँ नं. ४ माथिको संशोधन :

| क्र.सं. | साविकको निर्णय | हालको निर्णय |
|---|---|---|
| १ | मनहरी गाउँपालिका विभिन्न स्थानहरुमा जंगली हात्तीको आक्रमणबाट जनधनको क्षती भएको हुदाँ उक्त क्षतीको न्युनिकरण गर्न वडा कार्यालयले पहल गर्ने र वडा नं. ७ को २ वटा घर हात्तिको आक्रमणबाट क्षति भएको हुदाँ उक्त घर मर्मतमा लाग्ने खर्च रु ५०,०००/- मा नबढ्ने गरी प्राविधिक लागत ईस्टिमेट बमोजिम उपलब्ध गराउने निर्णय गरियो | मनहरी गाउँपालिका विभिन्न स्थानहरुमा जंगली हात्तीको आक्रमणबाट जनधनको क्षती भएको हुदाँ उक्त क्षतीको न्युनिकरण गर्न वडा कार्यालयले पहल गर्ने र वडा नं. ७ को २ वटा घर हात्तिको आक्रमणबाट क्षति भएको हुदाँ प्रति घर मर्मतमा लाग्ने खर्च रु ५०,०००/- मा नबढ्ने गरी प्राविधिक लागत ईस्टिमेट बमोजिम उपलब्ध गराउने निर्णय गरियो |

ख) मिति २०८०/०८/०७ गते बसेको आठौं गाउँकार्यपालिकाको निर्णय बुदाँ नं. ८ माथिको संशोधन :

साविकको निर्णय :

नेपाल सरकार अन्तर्गत(रु १९,२२,०००)

| क्र.सं. | कार्यक्रम लागु हुने वडा | सुचिकृत बेरोजगार संख्या | काममा लगाउन सकिने संख्या | दैनिक पारिश्रमिक दर | दिन | रकम रु |
|---|---|---|---|---|---|---|
| १ | २ | ४२ | ६ | ६८८ | ६३४ | ४,३६,१९२/- |
| २ | ३ | २८ | ९ | ६८८ | ५४५ | ३,७४,९६०/- |
| ३ | ४ | ८८ | ७ | ६८८ | ८१६ | ५,६१,४०८/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ५ | ६३ | ९ | ६८८ | ७९८ | ५,४९,०२४ |
| जम्मा | | २२१ | ३१ जना | ६८८ | २७९३ | १९,२१,५८४/- |

हालको निर्णय :

नेपाल सरकार अन्तर्गत(रु १९,२२,०००)

| क्र.सं. | कार्यक्रम लागु हुने वडा | सुचिकृत बेरोजगार संख्या | काममा लगाउन सकिने संख्या | दैनिक पारिश्रमिक दर | दिन | रकम रु |
|---|---|---|---|---|---|---|
| १ | २ | ४२ | ७ | ६८८ | ६३४ | ४,३६,१९२/- |
| २ | ३ | २८ | ६ | ६८८ | ५४५ | ३,७४,९६०/- |
| ३ | ४ | ८८ | ९ | ६८८ | ८१६ | ५,६१,४०८/- |
| ४ | ५ | ६३ | ९ | ६८८ | ७९८ | ५,४९,०२४/- |
| जम्मा | | २२१ | ३१ जना | ६८८ | २७९३ | १९,२१,५८४/- |

२२. प्रस्ताव नं. २२ माथि छलफल गर्दा विभिन्न वडा कार्यालयहरु मार्फत माग गरिएका तपसिल बमोजिमका योजनाहरुमा आवश्यक साईज र सेरिज का पोलिथिन पाईपहरु गाउँपालिका पुजिंगत तर्फ विनियोजित खानेपानी/सिचाई/सिचाईपाईप तथा मोटर/ट्युवेल धारा शिर्षकबाट प्राविधिक लागत ईस्टिमेट बमोजिम खरिद गरी वितरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.न. | योजनाको नाम | वडा नं. | पाईपको साईज | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 20MM | 25MM | 32MM | 40MM | 50MM | 63MM | |
| १ | श्री शान्ति टोल विकास संस्था | ३ | 100 | | 50 | | 50 | | 200 |
| २ | सिंचाई मर्मत योजना | ४ | | | 200 | | | | 200 |
| ३ | सेवदह सिंचाई मर्मत योजना | ३ | | | | | | 160 | 160 |
| ४ | खानेपानी मर्मत ९ घरधुरी | ४ | | | 120 | | | | 120 |
| ५ | लामावस्ती खानेपानी योजना | ७ | | | | | | 800 | 800 |
| ६ | तल्लो निर्मलवस्ती खानेपानी योजना | ७ | | 1000 | | 200 | | | 1200 |
| ७ | माथिल्लो निर्मलवस्ती खानेपानी योजना | ७ | | | | | 1000 | | 1000 |
| ८ | साझाटोल सिंचाई योजना | ३ | | | | | | 300 | 300 |
| ९ | हात्ती ब्याउने टोल सिंचाई योजना | ४ | | | | 300 | | | 300 |
| १० | लामपाखा टोल खानेपानी योजना | ४ | 300 | | | | | | 300 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | माथिल्लो निर्मलवस्ती खानेपानी योजना | ७ | | | | | 1000 | | 1000 |
| १२ | भिमे टोलमा खानेपानी मर्मत | ४ | 300 | 200 | | | | | 500 |
| १३ | वडा नं. २ को विभिन्न योजनाहरु | २ | | 3000 | | | | | 3000 |
| १४ | सुष्मा कृषि फर्म | ३ | | | | 90 | | | 90 |
| | जम्मा मिटरमा | | 700 | 4200 | 370 | 590 | 2050 | 1260 | 9170 |
| | सेरिज | | pn16 | pn16 | pn10 | pn10 | pn6 | pn6 | |
| | के.जि.मा | | 94.50 | 987.00 | 86.95 | 212.40 | 746.20 | 714.42 | 2841.47 |

२३. प्रस्ताव नं. २३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/०८१ दलित समिति परिचालन तथा कार्यक्रम कार्यान्वयन शिर्षकमा विनियोजित रकम रु २,००,०००/- मध्येबाट खर्च गर्ने गरी समितिको सिफारिस बमोजिम श्री ऋषेश्वर बाल जागृती प्रा.वि. मा कक्षा १-५ सम्मका दलित छात्र/छात्राहरु ३५ जना र अघिल्लो आ.व. ०७९/०८० मा शैक्षिक सामाग्रि वितरण गर्दा छुट भएका ६ जना दलित छात्र/छात्राहरु गरी ४१ जना विद्यार्थीहरुलाई व्याग, कापि, कलम र पेन्सिल लगायतका शैक्षिक सामाग्री वितरण गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२४. मनहरी गाउँपालिका वडा नं. ८ सिम्पानी खानेपानी तथा सरसफाई योजनाका लागि वडा कार्यालय मार्फत विभिन्न साईजका रु. ९,०२,४०६.०४ रकम वरावरको ५०००.०० मिटर पोलेथिन पाईपहरु माग भएकोमा हाल सो मध्ये २,५०० मिटर पाईप संघीय सरकार समानिकरण अनुदानमा गाउँपालिका पुँजिगत तर्फ विनियोजित अन्य सार्वजनिक निर्माण (कार्यपालिका बैठकबाट निर्णय भए अनुसार हुने) शिर्षकवाट प्राविधिकको लागत अनुमान अनुसार खरिद गरि भुक्तानी गर्न कार्यापालिकालाई निर्देशन दिने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मतबाट निर्णय गरियो ।